संसारका मजदुरहरु - एक होऔं !
Workers of the world, unite !

मार्क्सवाद-लेनिनवाद-माओवाद – जिन्दावाद !
Long Live Marxism -Leninism -Maoism !



# नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
# Communist Party of Nepal (Maoist Centre)

केन्द्रीय कार्यालय
Central Office
प्रेस विज्ञप्ति

## प्रेस विज्ञप्ति

यही मिति २०८०-०९-०३ गते भएको सर्वोच्च अदालतको फैसलाको हालसालै आएको पूर्णपाठमा नदी किनारमा संरचना निर्माणसम्बन्धी मापदण्ड, नो कन्स्ट्रक्सन जोन, सुकुम्वासी सम्बन्धी विषय र सो फैसला कार्यान्वयनका लागि काठमाडौं महानगरपालिकाले जारी गरेको सूचनाले हाम्रो पार्टी नेकपा (माओवादी केन्द्र) को गम्भीर ध्यानाकर्षण भएको छ ।

१. सम्मानित सर्वोच्च अदालतको फैसलामा आदेश भएअनुसार "काठमाडौं उपत्यकाभित्रका नगरपालिका र नगरोन्मुख गा.बि.स.हरूमा निर्माण सम्बन्धी मापदण्ड २०६४"मा तोकिएको दूरीमा २० मिटर थप गरी नयाँ मापदण्ड बनाई त्यसलाई नो कन्स्ट्रक्सन जोन हुने गरी लागु गरिएमा हजारौं वर्षदेखि काठमाडौं उपत्यकामा बसोबास गरी यसलाई सुन्दर सहरको रूपमा विकसित गर्ने र यहाँको सभ्यताको मुख्य तत्वका रूपमा रहेका आदिवासी-जनजाति नेवार तथा तामाङ समुदाय, काठमा रहेका खस-आर्य समुदाय र आफ्नो सम्पूर्ण पैत्रिक सम्पत्तिसमेत बेचेर, जीनभरको कमाई लगानी गरेर काठमाडौंमा बसाईसराइ गरेर आउने जनसमुदायलाई समेत गम्भीर प्रभाव पर्ने देखिन्छ ।

२. फैसला बमोजिमको नो कन्स्ट्रक्सन जोनमा कसैले नयाँ निर्माणका लागि नयाँ अनुमति नपाउँदा आफ्नो पैत्रिक सम्पत्तिमा विभिन्न कारणले घर बनाउन नसकेकाहरू र जीवनभरको कमाई लगानी गरेर घर वा अन्य व्यवसायिक भवनहरू निर्माण गर्ने उद्देश्यका साथ घडेरी किनेकाहरूले घर, भवन वा व्यावसायिक संरचना निर्माण गर्न पाउने छैनन् । अहिले घर वा अन्य संरचनाहरू निर्माण गरिसकेका नागरिकहरूले समेत त्यहाँ थप संरचना निर्माण गर्न वा घर-भवनहरू पुराना भएमा भत्काएर नयाँ बनाउन पाउने छैनन् । यस्तो जग्गा बैंकले धितोको रूपमा स्वीकार गर्ने छैन भने सो जग्गाको किनबेच समेत हुनेछैन ।

३. काठमाडौं उपत्यकाका बागमती, विष्णुमती, मनोहरा र हनुमन्ते सहित सबै सहायक नदीहरूले आफ्नो प्रवाह परिवर्तन गरेको र सोही आधारमा २०४५ को नापी भएको, कैयौं ठाउँमा नाप-नक्साको हालसाबिक समेत भएको र सोही आधारमा जग्गा दर्ता, खरिद बिक्रि र सरकारी निकायहरूबाट कानुनअनुरूप अनुमति लिई ठुला ठुला निजी, सरकारी वा सार्वजनिक संरचनाहरू निर्माण भएका छन् । यदि यो फैसला लागु भई सबै ठाउँमा २०२१-२२ सालको नक्साको आधारमा नापजाँच गरी नक्सा तयार गर्ने, लागु गर्ने र त्यसमा यस फैसलामा भएको थप २० मिटरको प्रावधान थप गर्दा कैयौं स्थानमा हालको नदी किनारबाट २००-३०० मिटर र कैयौं ठाउँमा सोभन्दा बढी समेत नक्सा सर्न जाने देखिन्छ, जसबाट हजारौंको संख्यामा जनताले कानुनअनुसार खरिद गरेका वा पैत्रिक सम्पत्तिबाट प्राप्त गरेका घर-जग्गा र संरचना अवैधानिक हुने अवस्था सिर्जना हुनेछ, जनताको आफ्नो मौलिक हक कुण्ठित हुन गई नागरिक आफूले मेहनत गरेर कानुनको परिपालना गरी सरकारी निकायहरूको अनुमतिबाट निर्माण गरिएको संरचनाबाट बेदखल भई आफ्नो सर्वस्व गुमाउन पुग्ने अवस्था आउनेछ ।

४. हाम्रो पार्टीले गरेको प्रारम्भिक सर्वेक्षणका आधारमा हेर्दा यो फैसलाको पूर्ण कार्यान्वयन भएमा लाखौं उपत्यकावासी परिवारले आफ्नो घरबार, सम्पत्ति वा सम्पत्तिको मूल्य र औचित्य गुमाउने अवस्था सिर्जना हुने, धेरै परिवारहरू घरबारविहीन, सम्पत्तिविहीन र सुकुम्बासी बन्नुपर्ने अवस्था सिर्जना हुनेछ भने नयाँ

जग्गा दर्तामा समस्या उत्पन्न भई स्वबासी र बेनिस्साको रूपमा रहेका काठमाडौंबासी जनताको हक समेत कुण्ठित हुने देखिन्छ ।

५. सोही फैसलामा काठमाडौं उपत्यकामा रहेका सुकुम्बासीहरूलाई इचंगुनारायणमा निर्माण गरिएको विवादास्पद भवनमा स्थानान्तरण गर्ने आदेश भएको छ । भूमि समस्या देशभर विद्यमान र तत्काल समाधान गर्नुपर्ने समस्या हो । यसको समाधानका लागि नेपाल सरकारले अविलम्ब भूमि आयोग गठन गर्नु आवश्यक छ । काठमाडौं उपत्यकामा नदी किनारबाहेक अन्यत्र पनि भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासी भएकोले नेपाल सरकारले भूमि आयोग गठन गरी आयोग र स्थानीय तहहरूको संयुक्त पहलमा सम्पूर्ण स्थानीय तहमै अभियान सञ्चालन गरी लगत संकलन तथा प्रमाणीकरण गरी भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको वास्तविक लगत तयार गरी सोका आधारमा कानुनअनुरूप जग्गा दिई लालपुर्जा उपलब्ध गराउन आवश्यक छ । साथै स्वबासी तथा बेनिस्सा जग्गा दर्तालाई विद्यमान कानुन संशोधन गरी काठमाडौं उपत्यकावासी जनतालाई आफ्नो जमिनको मालिक बनाउन आवश्यक छ । यसका लागि नेपाल सरकारले गम्भीरतापूर्वक कदमहरू चाल्नु आवश्यक छ ।

तसर्थ विषयको संवेदनशीलतालाई उच्च महत्त्व दिँदै जनताका संविधानप्रदत्त अधिकारहरूको रक्षा गर्न, नागरिकलाई उनीहरूको हक, हित र अधिकारबाट वञ्चित हुने र पश्चवर्ती प्रभाव हुने गरी दिइएको सम्मानित सर्वोच्च अदालतको २०८० पुस ३ गतेको फैसलाका आदेशहरू सच्याउन फैसलाको पुनरावलोकन गराउन आवश्यक कानुनी प्रक्रिया तत्काल अगाडि बढाउन नेपाल सरकारसमक्ष हाम्रो पार्टी नेकपा (माओवादी केन्द्र)को तर्फबाट जोडदार माग गर्दछौं । काठमाडौं उपत्यकाको ठूलो जनसंख्याको संवैधानिक हक, हित र अधिकार प्रभावित हुने गरी आएको फैसला कार्यान्वयनमा हतार गर्नु वाञ्छनीय नदेखिएकोले काठमाडौं महानगरपालिकासहित उपत्यकाभित्रका सबै स्थानीय तहहरूलाई समेत त्यसतर्फ ध्यानाकर्षण गराउन चाहन्छौं । नेपालका शोषित-पीडित जनताको एक मात्र आशा र भरोसाको केन्द्रको रूपमा रहेको हाम्रो पार्टी नेकपा (माओवादी केन्द्र) सधैं काठमाडौं उपत्यकाबासी जनताको हक, हित, अधिकार र पहिचानको पक्षमा निरन्तर उभिइरहेको र उभिइरहने प्रतिबद्धता समेत यसै विज्ञप्तिमार्फत सार्वजनिक गर्न चाहन्छौं ।

हार्दिक क्रान्तिकारी अभिवादसहित ।

मिति: २०८१ भदौ २५ गते

(अग्नि प्रसाद सापकोटा)
प्रवक्ता
ने.क.पा. (माओवादी केन्द्र)

पेरिसडाँडा (कोटेश्वर), काठमाडौं, फोन ९७७-१-४६१२२८७, ४६१२२८८, ४६१२२९० फ्याक्स ९७७-१-४६१२२८९
Email: cpnmcentre@gmail.com, Website: www.cpnmc.org